# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः २६** **कार्यपालिकाबाट पारित मितिः २०७९।०९।२९**

**प्रमाणिकरणः२०७९।१०।०३**

**प्रकाशन मितिः २०७९।१०।०६**

## भाग-२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्रकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

### १.पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धि हकलाई मौलिक हकको रुपमा सूरक्षित गरिसकेको छ। मातृ तथा नवशिशू मृत्युदर कम गर्न दिगो बिकास लक्ष्य तथा स्वास्थ्यका विभिन्न राष्ट्रिय ,अन्तराष्ट्रिय सभा सम्मेलनहरुमा नेपालले गरेका प्रतिबद्द्ताहरुलाई पूरा गर्नका निम्ति प्रत्यक्ष वा परोक्ष रुपमा थप टेवा पूर्याउन, स्थानिय स्वास्थ्य संस्थामा प्रसूती सेवा लिन आएका सेवाग्राहीहरु आर्थिक बिपन्नताको कारण बिशेषज्ञ स्वास्थ्य सेवाको पहुच र प्रयोगबाट बन्चित नहोउन् भन्ने उद्देश्यले तथा आर्थिक अभावकै कारण प्रेषण ब्यवस्थापनमा देखिदै आएको ढिलासुस्तीलाई हटाई प्रेषण सेवालाई बैज्ञानिक र चूस्त दूरुस्त बनाउदै आमा तथा नवजात शिशूको जीवन रक्षा गर्न आवस्यक भएकाले ठाकुरबाबा नगरपालिका र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यबस्थापन समितिको संयूक्त प्रयासमा प्रसूती केन्द्र भएका हरेक स्वास्थ्य संस्थाहरुमा आकष्मिक चक्र कोषको स्थापना गरिएको हो । विगतका वर्षहरुमा यस नगरपालिका भित्रका गर्भवती, प्रसुती, सुत्केरी र नवशिशुहरु आर्थिक अभावकै कारण बिशेषज्ञ स्वास्थ्य सेवाको पहुच र प्रयोग सम्म पूग्न नसकी ज्यान गूमाउनू परेको दृष्टान्तलाई मनन् गर्दै आकष्मिक चक्रकोष स्थापना भएका प्रसूती केन्द्रहरुमा एक रुपता कायम गरी स्थापित चक्रकोषलाई पारदर्शी एवं उत्तरदायी बनाउने र ब्यबस्थित किसिमले सञ्चालन,अनूगमन तथा मुल्याङ्कन गर्ने

उद्धेश्यले नगर स्वास्थ्य ऐन २०७६ को दफा ४७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाले " मातृ तथा नवशिशू आकस्मिक चक्रकोष स्थापना,सञ्चालन तथा ब्यवस्थापन निर्देशिका २०७८" लागू गरेको छ ।

## २.परिचय

स्वास्थ्य संस्थाको संरचना, उपकरण, बिशेषज्ञ सेवा नभएको वा अन्य कुनै कारणले उपचार तथा सेवा प्रदान गर्न नसकिने अवस्था भएमा अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह वा स्थानीय तहबाट तोकिए बमोजिमका समुहहरुबाट गर्भवती,सुत्केरी महिला तथा नवजात शिशुको जीवन रक्षाको लागि उपयुक्त स्वास्थ्य संस्थामा तूरुन्त प्रेषण गर्न आर्थिक संकट नपरोस् भन्नाका निम्ति प्रसुती केन्द्र सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुमा आकष्मिक चक्र कोषको ब्यवस्था गरिएको छ । आवस्यकता अनुसार उक्त कोषलाई विस्तार गर्दै लैजान पनि सकिनेछ ।

## ३.आकस्मिक चक्रकोषको उद्धेश्य

क) गर्भवती, प्रसुती तथा सुत्केरी अवस्थामा जटिलयुक्त समस्या भएका महिलाहरुको प्रेषण ब्यवस्थापन गर्न आर्थिक कठिनाई पर्दा तत्काल सापटी रकम उपलब्ध गराउने ।

ख) नवशिशु अवस्थामा आईपर्ने जटिलयुक्त समस्या भएका नवशिशुहरुको प्रेषण ब्यवस्थापन गर्न आर्थिक कठिनाई पर्दा तत्काल सापटी रकम उपलब्ध गराउने ।

## ४. आकष्मिक चक्रकोषको स्थापना

अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका वा स्थानीय तहबाट तोकिए बमोजिमका समुहहरुबाट गर्भवती,सुत्केरी महिला तथा नवजात शिशु लाभान्वित हूने गरी ठाकुरबाबा नगरपालिका भित्र पर्ने प्रसूती केन्द्रहरु भएका स्वास्थ्य संस्थाहरुमा रु २५००० (पच्चिस हजार) को आकष्मिक चक्रकोष स्थापना गरिनेछ । जनघनत्व, भुगोल तथा अन्य आईपर्न सक्ने आवस्यकता अनूरुप प्रसुती केन्द्रहरु स्थापना हूदै जादा यस नगरपालिकाले आकष्मिक चक्रकोषको स्थापना पनि स्वतः विस्तार गर्नेछ । स्थानीय स्वास्थ्य संस्थामा चक्रकोषको न्युनतम् रकम रु १०००० (दश हजार).सम्म सदैव रहने गरी उक्त कोष सञ्चालनमा समेत हुनेछ । यो कोषमा देहाय बमोजिमका स्रोतहरुबाट रकम उपलब्ध हूनसक्नेछ :

**(क) संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त अनुदान रकम**

**(ख) नगरपालिकाले आकष्मिक चक्रकोषको लागि स्वास्थ्यसंस्थामा छुट्याएको रकम**

(ग) वडा वा स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समितिले दिएको अनुदान रकम

(घ) सरकारी, गैर सरकारी संघसंस्था, निजि क्षेत्र तथा सामाजिक अभियन्ताहरुबाट प्राप्त अनुदान रकम

(ङ) स्वास्थ्य संस्था व्यवस्थापन समितिले विविध कृयाकलाप संचालन गरि प्राप्त गरेको रकम

(च) शुल्क तथा सहयोगबाट प्राप्त रकम

(छ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम

(ज) अन्य स्रोतबाट प्राप्त रकम

ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्रकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

## ५. आकस्मिक चक्रकोष परिचालन तथा ब्यवस्थापन

५.१ आकस्मिक चक्रकोष मार्फत सेवा प्राप्त गर्न योग्य व्यक्तिहरु

बूँदा ४ मा उल्लेख भए बमोजिम रकम उपलब्ध भएर सञ्चालनमा रहेको चक्रकोष मार्फत सेवा प्राप्त गर्न देहायका व्यक्तिहरु योग्य हूनेछन् :

क) ठाकुरबाबा नगरपालिकाभित्र स्थायी बसोबास भएका अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका वा स्थानीय तहबाट तोकिए बमोजिमका समूहहरुबाट गर्भवती,सुत्केरी महिला तथा नवजात शिशुहरु

५.२. आकस्मिक चक्रकोष संचालन तथा ब्यबस्थापन टोलिको गठन

मातृ तथा नवशिशु आकस्मिक चक्रकोष संचालन गर्न हरेक स्वास्थ्य संस्थामा आर्थिक जिम्मेवारी सहित एक चक्रकोष संचालन तथा ब्यबस्थापन टोलि रहनेछ। उक्त टोलिमा निम्न सदस्यहरु रहनेछन् :

(क) सम्बन्धित स्वास्थ्य संस्थाका प्रमूख –कोष संचालन तथा ब्यबस्थापन टोलिका संयोजक.......१ जना

(ख) सम्बन्धित स्वास्थ्य संस्थाका प्रसूती सेवा प्रदायकहरु ( सदस्य......२ जना

आवस्यक परेमा, यस ठाकुरबाबा नगरपालिकाका पदाधिकारीहरु,स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिका पदाधिकारीहरु, अन्य प्रसूती सेवा प्रदायकहरु , स्वास्थ्यसंग सरोकार राख्ने दातृसंस्थाहरु, संस्थाहरु र पालिकाको कोष तथा वित्तसंग सम्बन्धित विशेष व्यक्तिहरुलाई चक्रकोष संचालन तथा ब्यबस्थापन टोलिको आमन्त्रित सदस्यका रुपमा राख्न सकिनेछ।

५.३ आकस्मिक चक्रकोष संचालन तथा ब्यबस्थापन टोलिको बैठक तथा निर्णय

क)टोलिको बैठक टोलिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। टोलिको संयोजकले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनूपस्थितिमा चक्रकोष संचालन तथा ब्यबस्थापन टोलिका अन्य सदस्य मध्ये सेवा जेष्ठताको आधारमा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन्।

(ख) टोलिको बैठक मासिक रुपमा बस्नेछ। आवश्यकता अनुसार टोलिको संयोजकको निर्देशनमा जूनसूकै बेला पनि बैठक बोलाउन सक्नेछ।

(ग) टोलिको बैठक हरेक महिना स्वास्थ्य संस्था संञ्चालन तथा ब्यबस्थापन समितिको बैठक बस्नू भन्दा अगावै बसिसकेको हूनूपर्नेछ।

(३) टोलिको बैठक बस्नू भन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हूने कार्यसुची सहितको सुचना टोलिको संयोजकले सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(ङ) टोलिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा टोलिको बैठकको लागी गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(च) टोलिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

५.४ आकस्मिक चक्रकोष संचालन प्रकिया

क) स्थानीय स्वास्थ्य संस्था तहमा एक आकस्मिक चक्रकोष संचालन तथा ब्यवस्थापन टोली रहनेछ।

ख) स्थानीय स्वास्थ्य संस्थामा चक्रकोषको रकम कम्तिमा नगद रु १०००० (दश हजार) सम्म तूरुन्त उपलब्ध हूने गरी , आकष्मिक चक्रकोष सञ्चालन तथा ब्यवस्थापन टोलीले प्रसुती सेवा प्रदायकको जिम्मामा दिनेछ। रुं १०,००० भन्दा बढि

ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्रकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

रकम स्वास्थ्य संस्थामा मौज्दात देखिन आएमा तूरुन्त कोषको खातामा जम्मा गरिहाल्नू पर्दछ । यसको सम्पूर्ण जानकारी स्वास्थ्य संस्था सञ्चालन तथा व्यबस्थापन समितिमा गराउनु पर्नेछ ।

ग) चक्रकोषको नाममा छुट्टै खाता सञ्चालन हूनेछ जुन खाता आकष्मिक चक्रकोष सञ्चालन तथा व्यबस्थापन छोलीको तीनै जना सदस्यहरुको नामबाट संचालन हूनेछ जसमध्ये बैंकिङ्ग कारोबारको लागि संयोजक सहित कम्तिमा २ जनाको अनिवार्य हस्ताक्षर हूनूपर्नेछ ।

घ) स्थानीय स्वास्थ्य संस्थामा आएका अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका वा स्थानीय तहबाट तोकिए बमोजिमका समूहहरुबाट गर्भवती,सुत्केरी महिला तथा नवजात शिशुहरु आर्थिक अभावकै कारण प्रेषण गरिएको स्वास्थ्य संस्था पूग्न कठिनाई भएको कूरा सेवा प्रदायकलाई मनासिव लागेमा त्यस्तो अवस्थाका सेवाग्राहीहरुले अनूसूची १ बमोजिम भरपाई गरी यस चक्रकोषबाट बढिमा रु ५००० (पाँच हजार).सम्म सापटी लिई सेवा प्राप्त गर्न सक्नेछन् ।

ङ) त्यसरी भरपाई गरेको रकमलाई प्रसूती सेवामा खटिएका तथा चक्रकोष सञ्चालनको जिम्मा पाएका सेवा प्रदायकहरुले यथासक्य छिटो रकम उपलब्ध गराउनु पर्नेछ ।

च) स्थानीय स्वास्थ्य संस्थाबाट सापटी लिने सेवाग्राहीले आफूले सापटी लिएको मितिले बढीमा ९० दिन

३ महिना) भित्र आफैले वा निजको सम्बन्धित व्यक्तिले कोषमा रकम फिर्ता गर्नु पर्नेछ । यसरी सापटी लिएको रकमलाई कोषको जिम्मेवारी तोकिएको सेवा प्रदायकले अनूसूची २ अनूरुपको फारम भराई रकम सोधभर्नामा सहयोग गर्नूपर्नेछ ।

संघिय सरकार वा प्रदेश सरकारले आमा सूरक्षा कार्यक्रम बापत वा गर्भवती,सूत्केरी अवस्थामा आवस्यक आधारभुत वा आकस्मिक कूनैपनि निःशूल्क उपचार एवं स्याहारको सूबिधा संघिय सरकार वा प्रदेश सरकारबाट तोकिएका सरकारी,निजि एवं गैर सरकारी अस्पतालमा प्रेषण गरिनेछ ।

## ६. कोषको रकम परिचालनमा बन्देज तथा रकम परिपूर्तिको ब्यबस्था

क) यस निर्देशिकाले तोकेको बाहेक अन्य शिर्षकमा आकष्मिक चक्रकोषको रकम खर्च तथा परिचालन गर्न पाइने छैन ।

ख) आकष्मिक कोष संचालन गरे बापत चक्रकोष संचालक टोली वा अन्य कसैलाई पनि सेवा, सुविधा वा सहुलियतको रुपमा चक्रकोषबाट रकम उपलब्ध गराइने छैन ।

ग) यो चक्रकोष उपभोग गर्ने व्यक्तिले अति गरिबीका कारण वा अन्य विशेष परिस्थिति सृजना भई कोषको रकम फिर्ता गर्न सम्भव नभएमा वा सम्भव छैन भन्ने कुरा चक्रकोष संचालक टोलीलाई लागेमा चक्रकोष संचालन तथा ब्यबस्थापन टोलीको पूर्ण बैठकले उक्त सापटि रकम फिर्ता आउन नसक्ने कारण खूलेको पत्र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठक समक्ष पेश गर्नूपर्नेछ । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले उक्त पत्रलाई नगरपालिकाको स्वास्थ्य शाखामा बूझाउनूपर्नेछ । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट आएको उक्त पत्रलाई स्वास्थ्य शाखाले कार्यपालिकामा पेश गरिसकेपछि पत्रमा खूलाईएको सापटि रकम फिर्ता आउन नसक्ने कारण कार्यपालिकालाई मनासिव लागेमा कार्यपालिकाको बैठकको बहूमतको निर्णयबाट स्विकृत गरे पश्चात मात्र नगरपालिकाले सम्बन्धित स्वास्थ्य संस्थाको चक्रकोषमा फिर्ता नभए बराबरको रकम परिपूर्ति गर्नेछ ।

घ) चक्रकोषको रकम उपभोग गर्ने व्यक्तिले तोकिएको समयमा फिर्ता नगरे फिर्ता गर्ने म्याद सकिएको २ महिनासम्म सापटि लिएको रकमको १ प्रतिशतले ब्याज लाग्नेछ । सापटि लिएको रकमको ब्याज जोडिएको २ महिना सम्म पनि रकम फिर्ता नगरे वा हिनामिना गरेमा चक्रकोष संचालन टोलिले निजलाई कारबाही गर्नूपर्ने कारण खूलाई कारबाही वा असूल उपरको निम्तिँ एक उजूरी पत्र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति समक्ष निर्णयार्थ पेश गर्नूपर्दछ । उक्त निर्णय पश्चात कार्यपालिकाको स्विकृतिमा प्रचलित कानून बमोजिम नगरपालिकाले निजलाई आवश्यक कारवाही गर्नेछ ।

## ७. आकस्मिक चक्रकोष संचालन तथा ब्यबस्थापन टोलिको काम, कर्तब्य र अधिकार

(क) चक्रकोषको सञ्चालन तथा व्यवस्थापन गर्नूका साथै मासिक रुपमा नियमित बैठक बसी निर्णयहरु गर्ने ।

(ख) चक्रकोषले पूर्‍याउने सेवा र सहयोगको बारेमा पूर्णरुपमा जानाकार हूने र उक्त जानाकारी समूदायमा गएर प्रचार प्रसार गर्नूका साथै स्वास्थ्य संस्थामा नै सूत्केरी गराउन प्रोत्साहित गर्ने ।

(ग) आकष्मिक चक्रकोषको स्थापना, परिचालन तथा ब्यबस्थापन गर्न लागि स्थानीय स्रोत साधन जूटाउनूका साथै आबस्यक समन्वय तथा सहयोग पूर्‍याउने ।

(घ) नगरपालिका भित्र पहिलेदेखि नै स्थापना भई निष्क्रिय अवस्थामा रहेका वा उचित प्रयोग तथा परिचालन हून नसकेका अन्य कूनै किसिमका कोष वा सञ्चित खाता छन् भने त्यस्ता कोषहरुको पनि हालको अबस्था पहिचान गरी ब्यवस्थित गर्न सहयोग गर्ने ।

( ङ) चक्रकोषको अर्धवार्षिक तथा वार्षिक समिक्षा गर्ने ।

(च)) चक्रकोषको वृद्धि र प्रवर्द्धनको लागि नगरपालिका, विभिन्न संघ संस्था तथा ब्यक्तिहरुसंग समन्वय गरी स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गर्ने ।

(छ) चक्रकोषको प्रभावकारिता एवं पारदर्शिताको लागि वार्षिक रुपमा सामाजिक लेखा परिक्षण गर्ने ।

(ज) चक्रकोषको रकम माग गर्ने व्यक्तिलाई तोकिएको प्रकृया पूर्‍याएर अबिलम्व रकम उपलब्ध गराउने ब्यवस्था मिलाउने ।

(झ) यो निर्देशिकाको भावना अनुरुप काम गरी चक्रकोषको रकमलाई प्रभावकारी ढंगले परिचालन गर्न सहयोग पूर्‍याउने।

(ञ) प्रसूती कक्षका सेवा प्रदायकहरु तथा कर्मचारीहरुलाई मूल्याङ्कनको आधारमा समय समयमा प्रोत्साहन गर्ने साथै चक्रकोषको रकम परिचालनको जिम्मा पाएमा कर्मचारीहरुले कोषको रकम हिनामिना गरेको, तोकिएको सेवा बाहेक अन्य प्रयोजनको लागि खर्च गरेको तथा चक्रकोषको आवस्यकता परेको सेवाग्राहीलाई चक्रकोषको सेवा दिनलाई बिलम्ब वा बन्चित गरेको पूष्टि भएमा प्रचलित कानून अनूसार कारवाहीको लागी प्रकृया अगाडी बढाउने ।

(ट) चक्रकोष प्रयोग गर्ने सेवाग्राहीको यथार्थ आर्थिक, पारिवारिक, जनसाङ्ख्यिक तथा सामाजिक अवस्थालाई वडाको रेकर्ड तथा अन्य दस्तावेजहरुबाट सूनिश्चित गर्ने ।

(ठ) चक्रकोष रहेको बैंक खातालाई चूस्त दूरुस्त राखी स्वास्थ्य संस्थामा प्रसुती सेवा प्रदायकहरुको साथमा रहिरहने न्यूनतम रकमलाई २४ सै घण्टा उपलब्ध गराउने ब्यबस्था मिलाउने ।

(ड) चक्रकोषको वृद्धि,प्रवर्द्धन तथा ब्यवस्थापनको लागि पहल गर्ने ।

(ढ) चक्रकोष प्रयोग गर्ने सेवाग्राहीको यथार्थ आर्थिक, पारिवारिक तथा सामाजिक अवस्था वूझेर चक्रकोष संचालन तथा ब्यवस्थापन टोलिमा जानाकारी गराउने । आदि

## ८. पदपूर्ति तथा पदरिक्त

चक्रकोष संचालन तथा व्यवस्थापन टोलिको सम्पूर्ण पदाधिकारीहरुको समय अवधिरकार्यकाल टोलि गठन भएको मितिले ३ वर्षको हूनेछ । चक्रकोष संचालन तथा व्यवस्थापन टौंलिका सदस्यहरु पुःन छनौट हुन यस निर्देशिकाले बाधा पुर्याएको मानिने छैन तर एउटै व्यक्ति लगातार ३ पटक भन्दाबढी चक्रकोष संचालन तथा व्यवस्थापन टौंलिमा छनौट गर्न पाइने छैन । पदावधी बाँकी हुदै कुनै सदस्यको स्थान रिक्त हुन आएमा वा स्थानान्तर भएमा त्यस्तो रिक्त स्थानको पदपुर्ति बाँकी अवधिको लागि मात्र हुनेछ। निम्न अवस्थामा चक्रकोष संचालन तथा व्यवस्थापन टोलिको पद रिक्त हुनेछ :

क) मृत्यु भएमा

ख) बसाई सरी गएमा

ग) राजिनामा स्विकृत भएमा

घ) पागल भएमा वा कोषको रकम हिनामिना गरी कारवाही भएमा

(ङ) नैतिक पतन देखिने कार्य गरेमा वा अन्य कार्य व्यस्तताले विना जानकारी ३ पटक वा सो भन्दा बढी बैठकमा उपस्थित नभएमा ।

तर यस्तो अवस्थाको व्यक्तिलाई सुनुवाईको उचित मौका भने दिइनेछ ।

## ९. चक्रकोषको लेखापरिक्षण

(क) नगरपालिकाले तोकेको मान्यता प्राप्त लेखा परिक्षकबाट चक्रकोषको आन्तरिक तथा बाह्य लेखा परिक्षण गर्नु पर्नेछ ।

(ख) लेखा परिक्षकले दिएको सुझाव, निर्देशन र देखाएको बेरुजी दाखिला आदि भए सो को पालना चक्रकोष संञ्चालन तथा व्यवस्थापन टोलिले तोकेबमोजिम गर्नुपर्नेछ ।

(ग) कोष संचालनको लागि आवश्यक निवेदन, फाराम, भरपाई ,सहमती सम्झौता पत्र तथा अन्य कागजातहरु यस निर्देशिकाको अनुसूचीमा तोकिए बमोजिम हुनेछन् ।

## १०. अनुगमन,मूल्यांकन तथा प्रतिवेदन

मातृ तथा नवशिशु आकस्मिक चक्रकोषको अनुगमन तथा मूल्यांकन यसै नगरपालिकाको नगर स्वास्थ्य ऐनको दफा १५ को उपदफा (१) बमोजिम गठित नगर स्वास्थ्य समितिले गर्नेछ । स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको मासिक बैठकमा चक्रकोष संचालन तथा व्यवस्थापन टौंलिका संयोजक द्धारा चक्रकोष सम्बन्धमा छलफल तथा श्रेष्ता अध्यावधिक गराउनू पर्नेछ । उक्त अध्यावधिक श्रेष्तालाई चौमासिक रुपमा नगरपालिकाको स्वास्थ्य शाखामा अनूसूचि घ अनूसार प्रतिवेदन गर्नूपर्नेछ। प्रत्येक स्वास्थ्य संस्थाले मासिकरुपमा आकष्मिक चक्रकोष प्रयोग भएका सेवाग्राहीहरुको संख्या सेवा सूचांक प्रगती पार्टीमा अध्यावधिक गराउनू पर्नेछ ।

## ११. विविध

यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्य कुराहरुमा स्थानिय रुपमा प्रचलित निति नियम अनुसार हुनेछ । जिम्मेवारी वहन गर्दै जाने क्रममा चक्रकोष संचालन तथा व्यवस्थापन टौंलिका सदस्यहरु बिच वैमनस्य, कलह वा मनमूटाव भयो भने त्यसको ब्यवस्थापन स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

# अनूसूचि १

***आकस्मिक चक्कोष सापटी दिदाको भरपाई***

भरपाई दादै म बर्दिया जिल्ला ……………………… नगरपालिका . वडा नं.……….बस्ने श्री……………………………………………….को छोरा र छोरी र बूहारी र श्रीमति वर्ष……….को श्री …………………………………ले मेरी …………………………………प्रसुती समस्याको कारण बर्दिया अस्पताल र सुविधायुक्त स्थानमा लैजान यस स्वास्थ्य चौकीको आकस्मिक प्रसुती सेवा चक्कोषबाट रु……………………।सापटी लिएको र लिएकी छु । सो सापटि रकम आजका मितिले ….. महिना भित्रमा फिर्ता गर्नेछु । तोकिएको समय भित्र फिर्ता नगरेमा मेरो घरघरानाबाट प्रचलित कानून अनूसार असुल उपर गर्न मेरो मञ्जुर छ ।

नाम थरः

सही :

मिति :

जमानत :

१)

२ )

**निवेदकको औंठा छाप :**

**दायाँ बायाँ**

ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

अनुसूची २

*रकम फिर्ता गरेको रसिद*

.........................स्वास्थ्य चौकी, ठाकुरबाबा, बर्दिया

बर्दिया जिल्ला, ठाकुरबाबा नगरपालिका, वडा नं ...... बस्ने तपाई श्री..............................................वर्ष ..........ले यस आकस्मिक प्रसुती सेवा चक्रकोषबाट मिति ...................................मा लिनु भएको सापटी रु ............................... आज मिति ........................मा यस स्वास्थ्य संस्थाको आकस्मिक प्रसुती सेवा चक्रकोषमा फिर्ता गर्नूभएकोमा सधन्यवाद यो रसिद उपलब्ध गराईएको छ।

**रसिद दिनेको**

नाम :

ठेगाना । सम्पर्क नं. :

पद :

दस्तखत :

मिति :

छाप

ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्रकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

अनूसूचि ३

## आकस्मिक चक्कोष सेवा

## चौमासिक प्रगति प्रतिवेदन फाराम

………………प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी

मिति :

विषय :…………………देखि…………………सम्मको प्रगति प्रतिवेदन

| | | |
|---|---|---|
| ज्ञ | चक्कोषबाट सापटी लिएका महिलाको संख्या | |
| द्द | विगत चौमासिकमा चक्कोषबाट खर्च भएको जम्मा रकम | |
| घ | विगत चौमासिकमा फिर्ता गरेको जम्मा रकम | |
| द्ध | कोषमा अघिल्लो चौमासिकमा बैंक मौज्दात रकम | |
| छ | यस चौमासिकमा कोषबाट सापटी लिएका महिलाको संख्या | |
| ट | यस चौमासिकमा फिर्ता गरेको जम्मा | |
| ठ | कुनै श्रोत (चन्दा, दान, आदि) बाट कोषमा जम्मा हुन आएको रकम | |
| ड | हाल बैंकमा मौज्दात रहेको जम्मा रकम | |

प्रतिवेदन तयार गर्ने : प्रमाणित गर्ने :

ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

## अनुसूची ४

**Clinical Criteria for maternity cases referral:**

| | Birthing Centers ( Daulatpur, Bhimmapur, Nayagaun,Manpur Tapara, Khairichandanpur,Badhalpur) | BEONC (Rajapur PHC) |
|---|---|---|
| **Planned maternal referral** | **Obstetric reasons:**<br>➢ Prolonged pregnancy (>41 weeks) if not in labour<br>➢ Previous C-section<br>➢ Transverse lie/breech (after 37 wks)<br>➢ Pre-eclampsia/eclampsia<br>➢ Bad obstetric history, history of still birth<br>➢ Previous history of obstetric complications<br><br>**Non obstetric reasons:**<br>➢ Any medical illnesses e. g. hypertension, severe anaemia,Respiratory: CoPD<br>➢ HBsAg/HIV/AIDS: if management not available | **Obstetric reasons:**<br>➢ Prolonged pregnancy (>41 weeks) if not in labour<br>➢ Previous C-section<br>➢ Transverse lie/breech (after 37 wks)<br>➢ Bad obstetric history, history of still birth<br>➢ Previous history of obstetric complications<br><br>**Non obstetric reasons:**<br>➢ Severe medical illnesses eg heart disease, ARF, liver failure,<br>➢ HBsAg/HIV/AIDS: if management not |
| **Emergency maternal referral** | **1st trimester**<br>➢ Heavy bleeding<br>➢ Acute abdominal pain<br>➢ Suspected ectopic pregnancy<br>➢ Severe infections/fever<br>➢ Hyperemesis<br>➢ Abortion complications | **1st trimester**<br>➢ Ruptured ectopic<br>➢ Severe infections |


| | | |
|---|---|---|
| | **2nd trimester**<br>➢ Heavy bleeding<br>➢ Pregnancy with severe anaemia<br>➢ Pre-term pre-labour rupture of membrane (PPROM)<br>➢ Severe pre/eclamsia<br><br>**3rd trimester**<br>➢ APH<br>➢ Prolonged pregnancy (>41 weeks)<br>➢ Retained placenta (if CCT fails at BC)<br>➢ Uncontrolled PPH<br>➢ Severe pre/eclamsia<br>➢ Prolonged labour<br>➢ Multiple pregnancy with mal presentation of first baby<br>➢ RH negative<br><br>**Postpartum**<br>➢ Uncontrolled PPH<br>➢ Puerperal pyrexia<br>➢ Suspected DVT/PE<br>➢ Sudden post partum collapse<br>➢ Post partum eclampsia | **2nd trimester**<br>➢ Pregnancy with severe anaemia<br>➢ Pre-term pre-labour rupture of membrane (PPROM)<br><br>**3rd trimester**<br>➢ APH<br>➢ Uncontrolled PPH<br>➢ Ruptured uterus<br>➢ Complications of eclampsia<br>➢ Footling breech<br>➢ Transverse lie<br><br>**Postpartum**<br>➢ Uncontrolled PPH<br>➢ Suspected DVT/PE<br>➢ Sudden post partum collapse<br>➢ Post partum eclampsia |

**Indication for referral of a newborn baby**

- Preterm<34wks, birth weight <1.8 kg
- Birth asphyxia
- Jaundice appearing within 24 hours; persisting for more than 14 days and jaundice extending up to palm and soles on any day
- Congenital malformations (trachea oesophageal fistula, chloanal atresia, diaphragmatic hernia, ruptured meningo-myelocoele, ectopia-vesicae)
- Birth trauma (brachial plexus palsy, facial palsy, fractures)
- Central cyanosis

- Any bleeding manifestation in spite of Vitamin K administration
- Bulging anterior fontanels
- Blood in stools
- Pathological abdominal distension / bilious vomiting
- Sick newborn, poor feeding/ poor activity
- Respiratory distress or respiratory rate > 60 per minute with cyanosis / grunt / severe chest retractions/ in drawing
- Apnoea
- Convulsions
- Failure to pass meconium in 24 hrs
- Failure to pass urine in 48 hrs
- Neonatal chickenpox
- Severe neonatal jaundice
- The newborn that need intensive care but the facility does not have capacity to provide appropriate service.

**Channel of Referral**




ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक चक्रकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**Referral Procedure**

- Explains to the family about the condition and the reason for referred to another center.
- Ask the need for transportation management/ Provide contact number of ambuance or contact with ambulance
- Preparation Document and necessary action
- Documentation on:
- Demographic Background (name, age, address, gender)
- Patient condition (on arrival)
- Finding of the examination including vital sign
- Treatment given (Specific drugs used)/ Procedures
- Present condition (Stabilize the condition)
- Suggest to accompany the visitors who are able/capable for emergency situation such as blood donation and financial arrangement.
- Informed to the referred site for alert & prepare for readiness ie Bardiya Hospital or Nepalgunj Hospital.
- Assist woman/ Baby to reach the ambulance if necessary ( In critical and life thretening condition) service provide need to be accompany up to refer site and hand over.
- Follow- up patient’s condition: Telephone follow up to referred site
- Name of service provider, position and signature with contact number in referral slip which helps in information collection from referred site.
- Others
    - ***EOC FUND*** can be provide as per need of clients with full documentation

ठाकुरबाबा नगरपालिकाको मातृ तथा नवशिशु आकस्मिक उपचार कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत